बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश, नेपाल

# नगर यूवा नीति, २०८१

## बरहथवा नगरपालिका, सर्लाही

## मधेश प्रदेश

# नगर यूवा नीति, २०८१

**परिचय / पृष्ठभुमि**

युवा शक्ति राष्ट्रको अमूल्य सम्पत्ति हो । युवा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका अग्रदूत तथा परिवतर्नका संवाहक शक्तिहरु मध्येका एक हुन् । यूवा भित्र रहेको साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवं उच्च आत्मविश्वासका कारण राष्ट्रले विकासको फड्को मार्न सक्दछ। जसलाई राष्ट्र निर्माणको प्रमुख स्रोत समेत मानिन्छ। राष्ट्रिय यूवा नीति २०७२ ले १६ देखि ४० वर्ष उमेर समूहलाई यूवा भनेर परिभाषित गरेकोछ । राष्ट्रिय जनगणना २०७८ अनुसार बरहथवा नगरपालिकामा १६ देखि ४० वर्ष उमेर समूहको जनसङ्ख्या कुल जनसङ्ख्याको ४० प्रतिशत रहेको छ । गुणात्मक र सङ्ख्यात्मक दृष्टिले युवा राष्ट्रको मेरूदण्ड भएकाले युवाको सर्वाङ्गीण विकास गरी उनीहरूको क्षमतालाई स्थानीय सरकारको विकास प्रकृया र विकासको मूलधारमा ल्याउनु जरूरी छ।

तसर्थ , बरहथवा नगरपालिकाको युवामा राष्ट्र, राष्ट्रियता र नागरिकप्रतिको जवाफदेहिता, युवाका आधारभूत आवश्यकताहरूको परिपूर्ति, लैङ्गिक समानता तथा सामाजीक समावेशीकरणको सिद्धान्त, संवैधानिक सर्वोच्चता, वैयक्तिक स्वतन्त्रता, विश्वव्यापी मानवाधिकारको सिद्धान्त, लोकतान्त्रिक मूल्य मान्यता, विश्वशान्ति, सह–अस्तित्व, संस्कृति र वातावरणीय सम्पदाको संरक्षण र संबर्द्धन जस्ता आधारभूत मूल्य मान्यताहरूको प्रवर्द्धन गर्ने उद्देश्यले बरहथवा नगरपालिकाद्वारा नगर यूवा नीति २०८० तर्जूमा गरिएको हो।

**परिभाषा :** यस नीतिको प्रयोजनका लागि

(क) "युवा" भन्नाले १८ देखि ४० वर्षसम्मका नागरिकलाई जनाउने छ।

(ख) "प्राथमिकताको समूहका युवा" भन्नाले महिला, आदिवासी जनजाति तथा मधेशी युवालाई जनाउने छ।

(ग) "विशेष प्राथमिकताको समूहका युवा" भन्नाले द्वन्दपिडित, जोखिममा परेका, अपाङ्गता भएका, सीमान्तकृत, लोपोन्मुख, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, दलित तथा मुस्लिम समुदायका युवालाई जनाउने छ।

(घ) "द्वन्दपीडित युवा" भन्नाले २०५२ सालदेखि २०६३ मंसिर ५ गतेसम्म नेपालमा भएको शसस्त्र द्वन्द र पछिल्ला समयका द्वन्दपीडित परिवारका युवालाई जनाउने छ।

(ङ) "जोखिममा रहेका युवा" भन्नाले बेचबिखनमा परेका, प्राकृतिक विपदमा परेका, लागू औषध प्रयोगकर्ता, सडकमा रहेका तथा असुरक्षित गन्तव्यका मुलुकमा वैदेशिक रोजगारीमा संलग्न युवालाई जनाउनेछ।

(च) "अपाङ्गता भएका युवा" भन्नाले सबै प्रकारका शारीरिक र मानसिक अपाङ्गता भएका युवालाई जनाउने छ।

(छ) "सीमान्तकृत अल्पसङ्ख्यक समुदायका युवा" भन्नाले जातीय, भाषिक, सांस्कृतिक, वर्गीय तथा लैङ्गिक आधारमा राज्य तथा गैरराज्यका सेवा सुविधाबाट वञ्चित, सीमान्तकृत तथा राष्ट्रिय विकासको मूल प्रवाहमा आउन नसकेका अन्य युवालाई जनाउने छ।

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

यूवाहरुको सर्वागीण विकासमा धेरै समस्या र चुनौतीहरु छन् थसैका लागि स्थानीय सरकारको सन्दर्भमा युवाका सम्भावना र अवसरहरु पनि उत्तिकै छन् , र यो नीतिले ती अवसर र सम्भावनालाई थप उजागर गर्न सहयोग गर्नेछ ।

सम्भावना तथा अवसरहरु

- लोकतान्त्रिक, संघीय शासन प्रणाली र विकासमा सार्थक सहभागिताको अवसर ,
- कृषि, पर्यटन, जलस्रोत लगायतका प्राकृतिक साधनस्रोतको प्रचुरता ,
- बैंक, सहकारी, तथा लघुबित्तको बढ्दो सञ्जाल ,
- औपचारिक, व्यवसायिक शिक्षाको बढ्दो सञ्जाल सबैलाई शिक्षा कार्यक्रम ,
- सचेतना विकास विस्तारमा विभिन्न साझेदार संस्थाहरुको उपस्थिति ,
- ठूलो संख्यामा रहेको बैदेशिक रोजगारको अवसर र त्यसबाट प्राप्त सीप, अनुभव र साधनस्रोतको उत्पादनशील क्षेत्रमा प्रयोग गर्दै आन्तरिक रोजगारी सिर्जनाको अवसर ,
- प्रधानमन्त्रि रोजगार कार्यक्रम लगायतका अवसर र सम्भावनाहरु यहाँको यूवाहरुको चौतर्फी विकासको लागि रहेकोछ ।

दीर्घकालीन सोच

स्थानीय सरकारको विकास प्रकृयामा हरेक वर्गको यूवाहरुको अर्थपुर्ण सहभागिताको प्रत्याभूति गर्दै युवाहरुलाई मूलप्रवाहिकरणमा ल्याई सशक्त र नेतृत्वदायी भुमिकामा स्थापित गराउनु ।

लक्ष्य

स्थानीय सरकारको लोकतान्त्रिक अभ्यास प्रकृयामा यूवाहरुको संलग्नता बढाउँदै एउटा दक्ष, क्षमतावान र सिर्जनशिल यूवा उत्पादन गर्नु यस नीतिको मुख्य लक्ष्य रहेकोछ ।

उद्धेश्य

- स्थानीय विकासमा युवाको भूमिका र सम्भाव्यताको विकास र विस्तार गर्ने,
- युवालाई राष्ट्र एवं राष्ट्रियता, नागरिक र सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित र प्रतिबद्ध बनाउँदै उत्तरदायी र जवाफदेही बनाउने,
- युवाहरुमा लोकतान्त्रिक प्रणालीको अभ्यास गराउँदै नेतृत्व विकासमा जोड दिने ।
- युवावर्गमा सिर्जनशीलता, उद्यमशीलता र अन्वेषणात्मक क्षमताको विकास गरी राष्ट्रको आधारभूत शक्तिका रूपमा स्थापित गर्दै उनीहरूमा रहेका क्षमता उजागर गर्ने,



कल्पना कुमारी कटुवाल
नगर प्रमुख

Scanned with CamScanner

बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरहथवा, सर्लाही मधेश प्रदेश, नेपाल २०७३

- श्रमको सम्मान गर्ने संस्कृति विकास गर्दै युवाको शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षको समुचित विकास गरी उच्च मनोबलयुक्त, नैतिक, सुसंस्कृत, सिर्जनशील तथा व्यवसायिक रूपमा दक्ष युवा तयार गर्ने,
- युवाका आधारभूत अधिकारहरू सुनिश्चित गर्दै उत्पादनशील स्रोतहरूमा उनीहरूको पहुँच बढाएर राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक क्षेत्रका सबै तहका नीति निर्माण, निर्णय एवं कार्यान्वयनमा सहभागी गराउनुका साथै लैङ्गिक संवेदनशीलतामा आधारित अर्थपूर्ण सहभागिताका माध्यमबाट नेतृत्व क्षमता विकास गरी युवालाई स्थानीय स्तरमा समाजीक विकासको संवाहक शक्तिका रूपमा स्थापित गर्ने,
- शिक्षा आर्जनका क्रममा रहेका तथा समाजमा आफ्नो पहिचान स्थापित गर्ने संवेदनशील अवस्थामा रहेका युवाको शिक्षा, रोजगारी, वृत्ति लगायतका वैयक्ति एवं सामाजिक विकासमा सघाउने,
- प्राथमिकता तथा विशेष प्राथमिकताको समूहका युवालाई सकारात्मक विभेदका माध्यमबाट सशक्त गरी विकासको मूल प्रवाहमा ल्याउने ।

**प्रमुख नीतिहरु**

नगर युवा नीतिले लिएका उद्धेश्यहरू प्राप्त गर्नका लागि देहाय बमोजिमका नीतिहरु अवलम्बन गरीनेछ ।

- युवालाई परिवर्तनका संवाहक र दिगो विकासका उत्प्रेरक शक्तिका रूपमा विकास गर्ने ।
- देशको आर्थिक, सामाजिक तथा शासकीय पद्धतिको रूपान्तरणको प्रक्रियामा युवाको भूमिकालाई उच्च महत्व दिने ।
- स्थानीय तहको नीति निर्माण र विकास निर्माण प्रकृयामा यूवाहरुको अर्थपूर्ण सहभागिता गराउने ।
- युवालाई समाजका कर्मठ, क्रियाशील, नवीनताको पक्षधर र रचनात्मक शक्तिमा परिणत गर्ने ।
- युवामा नैतिकता, चारित्रिक गुण तथा अनुशासन विकास गर्ने ।
- निजी तथा गैरसरकारी एवं सरकारको सहकार्यमा युवालाई सामाजिक परिवर्तनका सम्वाहक शक्तिका रूपमा विकास गर्ने।
- सबै वर्ग, लिङ्ग, जातजाति, धर्म, वर्ण र क्षेत्रका युवाका विविधतालाई दृष्टिगत गर्दै सशक्तीकरण र विकासका लागि समान अवसर सिर्जना गर्ने ।
- स्थानीय सरकारको विभिन्न क्षेत्रमा विशेष योगदान पुर्याएका यूवाहरुलाई विभिन्न माध्यमबाट प्रोत्साहन प्रदान गर्ने ।
- युवामा अन्तर्निहित प्रतिभा प्रस्फुटन, सिप र क्षमता विकास गर्ने ।
- युवामा उद्यमशीलता विकास गर्ने ।
- स्थानीय सरकारको सामाजिक तथा आर्थिक विकासमा युवालाई स्वयंसेवकका रूपमा सहभागी गराउने ।



नगर प्रमुख

बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

- साहित्य, कला, संस्कृति, सङ्गीत, अभिनय र खेलकुद जस्ता सिर्जनशील क्षेत्रमा युवाको संलग्नतालाई प्रोत्साहन गर्ने।
- खेलकुदलाई व्यावसायीकरण, वैज्ञानिकीकरण र सामाजिकीकरण गर्ने ।
- संघीय सरकार र प्रदेश सरकार लगायत अन्य निकायहरुबाट युवाका लागि तर्जूमा गरिने कार्यक्रमहरूमा एकीकृत प्रणाली विकास गर्ने।
- युवाको स्वास्थ्य सेवामाथिको पहुँच अभिवृद्धि गर्ने।
- प्राथमिकताको समूह तथा विशेष प्राथमिकताको समूहमा रहेका युवालाई विशेष सेवा उपलब्ध गराउने।
- दलित तथा सिमान्तकृत समुदायका युवाहरुलाई रोजगार तथा स्वरोजगार हुने वातावरण तयार गर्ने।
- विभिन्न उमेरसमूहका युवाको अवस्था र आवश्यकता फरक हुने भएकाले दुई फरक उमेर समूहमा वर्गीकरण गरी (१८–२९ वर्ष, ३०–४० वर्ष) लक्षित गरी कार्यक्रमहरू तर्जूमा गर्ने।

<u>कार्यनीतिहरु</u>

- समुदायस्तरमा विद्यान बाल श्रम ,लैङ्गिक विभेद ,बाल विवाह,असमानता, दाईजो प्रथा ,घरेलु हिँसा लगायत अन्य हानिकारक समाजीक मुल्यमान्यताका बिरोधमा यूवाहरुलाई आवाज उठाउन सक्षम बनाईनेछ र जनचेतनामूलक कार्यक्रमहरु संचालन गरीनेछ।
- लोकतान्त्रिक अभ्यासका लागि समावेशी सहभागितामा नगरस्तरीय नगर यूवा संजाल गठन एवं परीचालन गरीनेछ।
- नगरपालिकाको विकास गतिविधिहरु लागि निर्माण गरीने उपभोक्ता समिति तथा टोल विकास समिति लगायत अन्य विषयगत समितिहरुमा केही निश्चित यूवाहरुको सहभागिता गराईनेछ।
- नगरपालिका र यूवा बीचको सहकार्यलाई थप प्रभावकारी बनाउनका लागि नगरपालिकामा एक जना यूवा सम्पर्क व्यक्ति (Youth Focal Point) तोकिनेछ।
- नगरका यूवाहरुलाई कुनै विषयमा छलफल वा बैठकहरु गर्नका लागि नगरपालिका भित्र एउटा विशेष स्थान (Youth Corner) को व्यवस्था गरीनेछ ।
- प्रत्येक आर्थिक वर्षमा कूल बजेटको निश्चित प्रतिशत रकम यूवाहरुको विकासका लागि विनियोजन गरीनेछ।
- यूवाहरुको नेतृत्व क्षमता विकासका लागि कम्तिमा वर्षमा एक पटक नमूना यूवा संसद अभ्यास गराईनेछ।
- विशेष प्राथमिकताका यूवा, अपाङ्गता भएका यूवा र सीमान्तकृत अल्पसङ्ख्यक समुदायका युवा समुहहरुलाई लक्षित गरी “नगर प्रमुख छात्रवृति कार्यक्रम” संचालन गरीनेछ।



कल्पना कुमारी कटुवाल
नगर प्रमुख

Scanned with CamScanner

बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

- सामाजीक विकाससँग सम्बन्धित क्षेत्रमा नगरपालिकाबाट तर्जूमा गरीने नीति तथा कार्यक्रमहरुमा यूवाहरुको अर्थपुर्ण सहभागिता गराईनेछ।
- यूवाहरुलाई सिक्ने मंच प्रदान गर्न र उनीहरुमा स्वयमसेवाको भावना विकास गर्नका लागि हरेक वर्ष कम्तिमा ४ जना यूवाहरुलाई नगरपालिकामा इन्टर्नशीपको अवसर प्रदान गरीनेछ।
- यूवाहरुलाई कृयाशिल बनाउनका लागि विभन्न खाले खेल प्रतियोगिताहरु आयोजना गर्नुका साथसाथै तनावमुक्त हुने उपायहरुको बारेमा विभिन्न खालको कार्यक्रमहरुको आयोजना गरीनेछ।
- यूवाहरुलाई समाजप्रति जवाफदेही र उत्तरदायित्व वहन गर्ने एवं लोकतान्त्रिक प्रणालीप्रति प्रतिवद्ध रहन सक्ने बनाउन विशेष कार्यक्रमहरू सञ्चालन गरिने छ।
- यूवाहरुलाई राजनीति रुपमा सशक्त बनाउनका लागि संघीयता, मौलिक अधिकार, दिगो विकास, शासकिय पदहरु लगायत विषयहरुमा क्षमता अभिवृद्धि गराईनेछ।
- सामाजीक जवाफदेहिता अभिवृद्धिका लागि यूवाहरुलाई सूचनाको हक , सामुदायिक अंक पत्र तथा सार्वजनिक सुनवाई जस्ता सुशासन प्रवर्द्धनका विधिहरुको बारेमा चेतनशिल बनाईनेछ।
- स्थानीय स्तरमा यूवाहरुका लागि रोजगारी सिर्जना गर्नका लागि विभिन्न निजी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय गरीनेछ। साथै यूवाहरुलाई विभिन्न खालका रोजगारीमूलक तालिमहरु प्रदान गराईनेछ।
- उद्धमशिल यूवाहरुको लागि सरल र शुलभ ऋणका लागि विभिन्न वित्तिय संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरी सहजीकरण गरीनेछ।
- युवाको उमेर समूहको आवश्यकतालाई दृष्टिगत गर्दै शिक्षा आर्जन तथा वृत्ति विकासको अवसरको खोजीमा रहेका युवालाई लक्षित गरी कार्यक्रम गरिनेछ।
- चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी राज्य र समाजप्रति दायित्वबोध गराउने र श्रमप्रति सम्मान गर्ने संस्कार विकास गरिनेछ।
- समाजमा विद्यमान गरीबी, अशिक्षा, छुवाछुत, कुरीति, लैङ्गिक हिंसा, विभेद र विषमता जस्ता समस्या हटाउन युवाहरुलाई सम्बाहकको रुपमा विकास गरी परीचालन गरीनेछ
- विशेष शिप र क्षमता भएका यूवाहरुलाई प्रोत्साहन गर्न हरेक वर्ष "नगर आदर्श यूवा" पुरस्कारबाट सम्मानित गरीनेछ।
- यूवाहरुको गुणस्तरीय शिक्षा, तालिम, अध्ययन र अनुसन्धानका अवसरहरू सिर्जना गरिने छ।
- स्वास्थ्य चेतना प्रवद्र्धन गर्ने कार्यक्रमहरूलाई प्रोत्साहन गरिनेछ।
- पढ्दै कमाउँदै शिक्षा प्रणाली लागु गर्ने।
- १८ वटै वडाहरुमा युवाहरुको नेतृत्व र अगुवाईमा सुपथ मुल्य पसलहरु संचालन गर्ने।

कल्पना कुमारी कदुवाल
नगर प्रमुख



Scanned with CamScanner

बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

**समन्वय तथा सहकार्य**

यस नगर यूवा नीतिले निर्धारण गरेको उद्धेश्य तथा कार्यनीतिहरु परिपुर्तिका लागि नगरभित्रको विभिन्न शाखा उपशाखा तथा विषयगत समितिहरुले आपसमा समन्वय एवं सहकार्य गर्नेछन् । यसको साथै प्रदेश सरकार र संघीय सरकार तथा निजी र गैरसरकारी संस्थाहरु (बैंक, बित्तिय संस्था, सहकारी, नगर उद्योग बाणिज्य संघ र राष्ट्रिय यूवा परिषद) लगायत यूवा तथा रोजगारिको क्षेत्रमा काम गर्ने अन्य विभिन्न विकास साझेदार संघ संस्थाहरुसँग समन्वय गरीनेछ । यस नगर युवा नीतिलाई कार्यन्वयन गर्नका लागि नगरपालिकाले आफ्नो बार्षिक नीति तथा कार्यक्रममा प्राथमिक्ताका साथ कार्यक्रमहरु समावेश गरी सोको कार्यन्वयनका लागि बजेट समेत व्यवस्था गर्नेछ ।

**अनुगमन र मूल्याङ्कन**

यस युवा नीतिको प्रभावकारी कार्यान्वयन तथा नगर कार्यपालिकालाई समय समयमा राय सुझावहरु दिनका लागि देहाय बमोजिमको युवा मूलप्रवाहीकरण समिति गठन गरिनेछ :

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| नगर उपप्रमुख | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| सामाजीक विकास समिति संयोजक लगायत ४० वर्ष मुनिका कार्यपालिका सदस्य मध्येबाट २ जना | सदस्य |
| नगर युवा सञ्जालको संयोजक | सदस्य |
| स्वतन्त्र विद्यार्थी युनियनबाट १ जना | सदस्य |
| यूवाको क्षेत्रमा काम गर्ने संघसंस्थाको प्रतिनिधिबाट ३ जना | सदस्य |
| यूवा सम्पर्क व्यक्ति | सदस्य |
| युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य सचिव |

यस नगर यूवा नीतिले निर्धारण गरेको कार्यनीति प्रगतिको अवस्था विश्लेषणका लागि आवश्कता अनुसार सम्बन्धित सरोकारवालाहरुको बैठकहरु बसि छलफल गरीनेछ र आवश्यकता अनुसार यस यूवा नगर नीति, २०८१ लाई परिमार्जन पनि गर्न सकिनेछ ।

कल्पना कुमारी कटुवाल
नगर प्रमुख